नेपाल बीमा प्राधिकरण

कर्णाली प्रदेशस्तरीय निबन्ध प्रतियोगिता

सूचना प्रकाशन मिति: २०८३/०८/०२

नेपाल बीमा प्रधिकरण, कर्णाली प्रदेश कार्यालयबाट बीमाका विद्यमान कानून, बीमा ऐन, बीमा नियमावली, निर्देशिका र परिपत्रहरूको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने, नवीन प्रतिभाहरुलाई आकर्षण गर्ने, विद्यार्थीहरुमा बीमा सम्बन्धी सिर्जनशीलता, विश्लेषण क्षमता र अनुसन्धानलाई प्रोत्साहन गर्ने एवम शैक्षिक संस्थाहरूमार्फत समुदायस्तरमा बीमाको महत्त्व बारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले कर्णाली प्रदेशभित्र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहने गरी "विपद्पश्चातको पुनर्उत्थानमा बीमा (Insurance for Disaster Risk Recovery)" विषयक प्रदेशस्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा प्रतियोगितामा सहभागी हुन इच्छुक सम्पूर्ण विद्यार्थीहरुलाई "नेपाल बीमा प्राधिकरण, निबन्धलेखन प्रतियोगिता सञ्चालन प्रक्रिया" बमोजिम देहायको नियम तथा सर्तहरूको अधीनमा रही तोकिएको शीर्षकमा निबन्ध पेस गर्नका लागि यो सूचना आह्वान गरिएको छ।

सहभागिताका सर्तहरू:

१. प्रतियोगितामा सहभागी हुनका लागि कर्णाली प्रदेश भित्रका विश्वविद्यालय वा कलेजहरूमा स्नातक तहमा अध्ययनरत रहेको हुनुपर्नेछ।

२. निबन्ध १५०० शब्दमा नबढने गरी नेपाली वा अङ्ग्रेजी भाषामा (नेपाली भाषा भए कोकिला १६ र अङ्ग्रेजी भाषा भए Times New Roman१२ फन्ट साईज) हुनुपर्नेछ। हस्तलिखित निबन्धहरू समेत प्रतियोगितामा सहभागी गराउन सकिनेछ।

३. प्रतियोगीले आफ्नो सिर्जना सूचना प्रकाशित मितिले ४५ दिन (मिति २०८३।०९।१७) भित्र नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको इमेल ठेगाना essay.karnali@nia.gov.np मा हालसालै खिचिएको PP Size Photo , आफू अध्ययनरत शैक्षिक संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफारिस पत्र संलग्न गरी पठाउनु पर्नेछ।

४. निबन्धको मूल्याङ्कन देहायको मापदण्ड बमोजिम हुनेछ:-

क्र.स.	मापदण्ड	अंकभार	विवरण
१	विषयवस्तुको ज्ञान	४०	विषयवस्तु प्रष्ट र सन्दर्भ
२	भाषा तथा शैली	२०	प्रवाह, सरलता र साहित्य
३	संरचना	१०	प्रस्तावना, मुख्य भाग र निष्कर्ष
४	सिर्जनशीलता	२०	मौलिकता र नवीन विचार
५	व्याकरण/ शुद्धलेखन	१०	त्रुटिरहित लेखन

५. प्राप्त हुन आएका निवन्धहरुलाई "निबन्ध प्रतियोगिता व्यवस्थापन उपसमिति" मार्फत मूल्याङ्कन गरी उत्कृष्ट तीन निबन्धलाई प्रमाणपत्र सहित प्रथम, द्वितिय र तृतीय पुरस्कार रकम क्रमशः रु. १५,०००/-, रु. १०,०००/-, र रु. ५,०००/- (कर समेत) प्रदान गरिनेछ।

६. निबन्ध मौलिक हुनुपर्नेछ र कुनै पनि प्रकारको साहित्यिक चोरी गरिएको हुनुहुँदैन। निबन्ध प्रतियोगिता व्यवस्थापन उपसमितिको निर्णय अन्तिम हुनेछ।

७. प्राप्त निबन्धको सर्वाधिकार (Copyright) नेपाल बीमा प्राधिकरणमा निहित हुनेछ र उत्कृष्ट निबन्धहरूलाई प्राधिकरणले आफ्ना प्रकाशनहरूमा प्रयोग गर्न सक्नेछ।

८. प्राधिकरणबाट आ.व. २०८३।८४ भन्दा अगाडिका बर्षहरूमा आयोजित निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरूले यस प्रतियोगितामा सहभागी हुन पाउने छैनन।

थप जानकारी

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत

फोन: ०८३-५९०७४३/४४ ईमेल: essay.karnali@nia.gov.np